## निर्णयहरु

१. २०७५ को मनसुन र त्यसको प्रभावबाट उत्पन्न स्थितीको समिक्षा गर्दै मनसुनको समयमा भएको बाढी, पहिरो, डुवान जस्ता विपद्का कारण घरबास विहिन भएकाहरुको पुनर्स्थापना गर्नका लागि देहाय बमोजिम गर्ने ।

(क) रुकुम, जाजरकोट, बाजुरा, सिन्धुपाल्चोक, रौतहट लगायतका जिल्लामा बाढी, पहिरो, डुवान, कटानका कारण घरबास विहिन अवस्थामा पुगेकाहरुको पुनर्स्थापना गर्नका लागि शहरी विकास मन्त्रालय र अन्तर्गतका विभाग/कार्यालयले सम्बन्धित जिल्ला विपद् वयवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसंग समन्वय गरी पुनर्स्थापना योजनाका साथ बस्ती स्थानान्तरणका लागि प्रकृया अगाडी बढाउने।

(ख) बाढी, पहिरोका कारण बसोबास र जनजीविकाको उच्च जोखिममा रहेकाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सम्बन्धित नगरपालिका वा गाउँपालिकाले योजनाका साथ व्यवस्था गर्ने ।

(ग) बाढी, पहिरो र डुवानका कारण सम्पत्तिको जोखिममा रहेका स्थानहरुमा जोखिम न्यूनिकरणका लागि सिंचाई, उर्जा तथा जलश्रोत मन्त्रालयले योजनाका साथ व्यवस्थापन गर्ने ।

(घ) बुँदा नं. (क), (ख) र (ग) मा उल्लेखित स्वीकृत योजनाका लागि अर्थ मन्त्रालयले सम्बन्धित निकायलाई बजेट उपलब्ध गराउने ।

२. २०७५ को मनसुनको समय बाँकी रहेको र यसको उत्तरार्धमा हुनसक्ने प्रकोपको जोखिमलाई मध्यनजर गरि आवागमन, खाद्यान्न आपूर्ती, औषधोपचार लगायतका काम कारवाहीमा कमी हुन नदिन सम्बन्धित निकाय तथा संघसंस्थाहरुले आवश्यक सजगता अपनाउने, जिल्ला स्थित खोज तथा उद्धारकर्मीलाई तत्काल राहत सामाग्री सहित परिचालन हुनको लागि तयारी अवस्थामा राख्ने ।

३. २०७४ श्रावण महिनाको अन्तिम साता आएको अविरल वर्षा, बाढी, पहिरो र डुवानबाट प्रभावित जिल्लाहरुमा राहत र उद्धार कार्यमा प्रयोग गरिएका देहायबमोजिमका हेलिकोप्टरको भाडा देहायबमोजिम उपलब्ध गराउने ।

(क) संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालयको च.नं. ३८६ मिति ०७५/०१/१३ को प्राप्त पत्रानुसार मनाङ्ग एयर प्रा.लि.लाई भुक्तानी दिनका लागि रकम रु ६,५१,७९२/३६ (अक्षेरुपी रु. छ लाख एकाउन्न हजार सात सय बयानब्बे पैसा छत्तिस) संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालयलाई उपलब्ध गराउने ।

(ख) संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालयको च.नं. ५७५, मिति २०७५/०१/२६ को प्राप्त पत्रानुसार सिफारिस भै आएको हेलि एभरेष्ट प्रा.लि. को हेलिकोप्टर भाडा भुक्तानीको रकम रु. ११,८३,२७५/- ।

४. जिल्ला प्रशासन कार्यालय हुम्लाको मिति २०७५/०६/०२ को प्राप्त पत्र र सो साथ संलग्न सिम्रिक एयरलाईन्सको को पत्र साथ संलग्न विल बमोजिमको हुम्ला जिल्ला चखेली गा.पा. वडा नं. ५ नेप्का स्थित वनमा पहिरो जाँदा घाईते भएका ४ जना बालबालिकामध्ये ३ जनालाई नेपनलगञ्ज अस्पताल लैजान प्रयोग भएको सिम्रिक एयरको हेलिकप्टर भाडा वापतको रकम रु. ३,००,०००/-(अक्षरुपी तीन लाख) गृह मन्त्रालय आर्थिक प्रशासन शाखा मार्फत सिम्रिक एयर प्रालि. लाई उपलब्ध गराउने ।

५. केन्द्रीय विपद् व्यवस्थापन कोषबाट मिति २०७४/१२/२० देखि २०७५/०५/२२ सम्म भएको भएको देहायबमोजिमको खर्च रकम अनुमोदन गर्ने ।

- प्रकोप पीडित उद्धार र राहतसम्बन्धि मापदण्ड(छैटौं संसोधन), २०७४ बमोजिम जिल्ला विपद् व्यवस्थान कोषमा निकासा गरिएको रकम रु. २,५१,६१,९८५/-
- विपद्को समयमा प्रयोग भएको हेलिकोप्टरको भाडा रकम रु.५,४२,३८,८६०/-

जम्मा खर्च रकम रु. ७,९४,००,८४५/-

०७५/६/३